जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ | स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३५ | अंक १२२ | २०८२ साल मंसिर २५ गते बिहीबार (11 Dec 2025 Thursday) | मूल्य रु. ५/-

**Log in : rajbirajdainik.com.np**

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं।

यस अंक भित्र : २ पृष्ठमा : जेनजी आन्दोलनका सहिद... ३ पृष्ठमा : आमाबुबा भएकै अधिकांश ... ३ पृष्ठमा आप्रवासन नियममा कडाइ ...

## राजविराजमा आन्तरिक राजश्व कार्यालय स्थापनाका लागि मधेश सरकारको पहल सुरु



**दैनिक समाचारदाता**
**राजविराज, २४ मंसिर ।**

राजविराजमा आन्तरिक राजश्व कार्यालय स्थापनाका लागि मधेश प्रदेश सरकारले पहल सुरु गरेको छ ।

मधेश प्रदेशका मुख्यमन्त्री कृष्णा यादव र अर्थमन्त्री महेश प्रसाद यादवले संघीय सरकारका अर्थमन्त्री रामेश्वर खनालसंग भेट गरी आन्तरिक राजस्व कार्यालय स्थापनाका लागि पहल गरेका हुन् ।

सरकारले करदाता सेवा कार्याल खारेज गर्ने निर्णय गरेपछि विगत एक महिनादेखि आन्तरिक राजस्व कार्यालय स्थापनाको माग गर्दै यहाँका उद्योगी व्यापारी आन्दोलित रहेको बेला मधेश प्रदेश सरकारका मुख्यमन्त्री र अर्थमन्त्रीले नेपाल सरकारका अर्थमन्त्री खनालको ध्यानाकर्षण गराएका छन् ।

मधेश प्रदेशका नवनियुक्त अर्थमन्त्री महेश प्रसाद यादवले राजविराजमा हुँदै आएको आन्दोलनबारे अर्थमन्त्री खनाललाई जानकारी गराउँदै ज्ञापनपत्र बुझाएर अर्थमन्त्री खनालको ध्यानाकर्षण समेत गराए । ध्यानाकर्षणपत्र बुझ्दै अर्थमन्त्री खनालले राजविराजमा करदाता सेवा कार्यालय हाललाई यथावतै राख्ने प्रतिबद्धता जनाएको मधेश प्रदेशका अर्थमन्त्री यादवले जानकारी दिए ।

राजविराज दैनिकसँग विशेष कुराकानी गर्दै अर्थमन्त्री यादवले आफूहरु सँगको भेटमा राजविराजस्थित रहेको करदाता सेवा कार्यालय तत्काल खारेज नगर्ने प्रतिबद्धता जनाएको बताए । "राजविराजमा करदाता सेवा कार्यालय अहिले यथावत रहन्छ, पछी सोही कार्यालयलाई स्तरोन्नती गरि आन्तरिक राजश्व कार्यालयमै परिणत गर्छौं ।" भेटमा खनालले प्रतिवद्धता जनाएको अर्थमन्त्री यादवले भने ।

बुझाइएको ज्ञापनपत्रमा "नेपाल सरकारको नीति अनुरुप राजविराजमा स्थापित करदाता सेवा कार्यालय खारेज गर्ने नेपाल सरकारको निर्णय पुनर्विचार गरी साविक बमोजिम नै करदाता सेवा कार्यालय सुचारु हुने व्यवस्था गरी जनभावनाको सम्बोधन एवं सम्मानको लागि सकारात्मक पहल हुने विश्वासको साथ मधेश प्रदेश सरकारको तर्फबाट गम्भीर

*बाँकी तीन पृष्ठमा*

## आन्तरिक राजश्व कार्यालय स्थापनाको माग गर्दै शुक्रबारदेखी रिले अनसन

**दैनिक समाचारदाता**
**राजविराज, २४ मंसिर ।**

आन्तरिक राजश्व कार्यालय स्थापना संघर्ष समितिले दोश्रो चरणको आन्दोलन घोषणा गरेको छ ।

संघर्ष समितिका संयोजक मोहन कुमार यादवद्वारा बुधबार जारि विज्ञप्तिमा मंसिर २६ गते शुक्रबारदेखी सात दिने रिले अनसनको आन्दोलन घोषणा गरिएको उल्लेख छ ।

दोश्रो चरणको आन्दोलन अन्तर्गत पहिलो दिन मंसिर २६ गते स्थानिय गजेन्द्र चौकमा जिल्लाका पालिका प्रमुखहरु रिले अनसनमा बस्ने जनाइएको छ ।

सोही विज्ञप्तिमा अनसनको तयारीका लागि जितेन्द्र प्रसाद गुप्ताको संयोजकत्वमा सात सदस्य तयारी समिति गठन गरिएको जनाइएको छ । गुप्ताको संयोजकत्वमा गठित तयारी समितिका सदस्यहरुमा लक्ष्मण यादव, जय नारायण यादव, प्रमोद कुमार मंडल, अमृत कुमार संचेती, प्रविन कुमार देव, विजय कुमार देव लगायतका छन् ।

दोश्रो चरणका आन्दोलनका कार्यक्रममार्फत पनि माग पुरा नभए अझ कडा भन्दा कडा आन्दोलन गर्ने विज्ञप्तिमा उल्लेख छ ।

मंसिर १७ गते सरकारले देशभरीका सम्पुर्ण करदाता सेवा कार्यालय खारेज गरेको निर्णय विरुद्ध सप्तरीबासी बुद्धिजिवी राजनीति दल, पत्रकार, जेनजी युवा, विभिन्न संघ संस्था, बैंक तथा वितिय संस्था, व्यापारी, उद्योगी लगायत आन्दोलित भएका छन् ।

## मानव अधिकार विना सुशासन तथा न्यायको कुरा गर्न नसकिने : प्रधानन्यायाधीश

**दैनिक समाचारदाता**
**जनकपुर, २४ मंसिर ।**

प्रधानन्यायाधीश प्रकाशमान सिंह राउतले वर्तमान राजनीतिक परिस्थितिमा मानव अधिकारको रक्षा गर्नु चुनौतीपूर्ण कार्य भएको बताउँदै मानव अधिकार विना सुशासन तथा न्यायको कुरा गर्न नसकिने बताएका छन् ।

नेपाल वार एशोसिएशनको आयोजनामा जनकपुरधाममा शुरु भएको ५१ औं कार्यकारिणी परिषद् बैठक तथा मानव अधिकार सम्बन्धि राष्ट्रिय गोष्ठीको बुधबार जनकपुरधाममा उद्घाटन गर्दै उनले यस्तो बताएका हुन् ।

उनले विधिको शासनलाई जीवन्त राख्नका लागि मानव अधिकारको रक्षा र संरक्षण जरुरी रहेको बताउँदै यसका लागि अदालत तथा न्याय क्षेत्रमा निष्पक्षता, स्वच्छता, पारदर्शीता जरुरी रहेको उल्लेख गरे । मानव अधिकार र न्याय एक अर्कासँग जोडिएको विषय भएकाले न्याय विनाको मानव अधिकारको कल्पना गर्न नसकिने समेत बताए ।

प्रधान न्यायाधीश राउतले जेन्जी पुस्ताको आन्दोलनको क्रममा सर्वोच्च तथा अन्य अदालतका गरेर ९ लाख मिसिलहरू जलाइएकोले यसले न्याय क्षेत्रमा ठूलो आघात पुगेको जिकिर गरे ।

बिहीबारसम्म चल्ने परिषद् बैठकमा ७७ जिल्लाका परिषद् सदस्यहरु, जिल्ला अध्यक्ष तथा सचिवहरू गरेर करिब ५ सय कानून व्यवसायीहरूको सहभागिता रहेको छ । भोली जनकपुर घोषणापत्र जारी गरेर समापन गर्ने कार्यक्रम रहेको वरिष्ठ अधिवक्ता श्याम कुमार मिश्रले जानकारी दिए ।

## समानुपातिक निर्वाचन प्रणालीका लागि १०० दल दर्ता

काठमाडौं, २४ मङ्सिर (रासस) ।

समानुपातिक निर्वाचन प्रणालीका लागि १०० राजनीतिक दलले निर्वाचन आयोगमा आवेदन दिएका छन् ।

आगामी फागुन २१ गतेका लागि तय भएको प्रतिनिधिसभा सदस्य निर्वाचनको समानुपातिकतर्फ निवेदन दिने समयसीमा भित्र ती राजनीतिक दलले निवेदन दिएका हुन् । आयोगले यही मङ्सिर २१ देखि २३ गतेसम्म समानुपातिक निर्वाचन प्रयोजनका लागि दल दर्ताको समयसीमा निर्धारण गरेको थियो । सो समयभित्र एक सय राजनीतिक दलले समानुपातिक निर्वाचन प्रणालीका लागि आवेदन दिएको आयोगले जनाएको छ ।

यसरी आवेदन गर्नेमा संयुक्त निर्वाचन चिन्ह लिएका र एकल चुनाव चिन्ह लिएका राजनीतिक दल छन् । प्राप्त भएको आवेदन माथि आवश्यक अध्ययन गरी यही मङ्सिर २६ गतेसम्म स्वीकृत गरिने आयोगले उल्लेख गरेको छ । आयोगले तय गरेको कार्यसूची अनुसार आगामी पुस १३ र १४ गते समानुपातिकतर्फको बन्द सूची पेश गर्नुपर्नेछ । सो सूचीमाथि आवश्यक अध्ययन पश्चात् आगामी माघ ४ गते प्रारम्भिक सूची प्रकाशित हुनेछ । उक्त सूचीमाथि दावी विरोध र आवश्यक छानबिन गरी आगामी माघ २० गते अन्तिम सूची प्रकाशित हुनेछ ।

कूल २७५ सदस्यीय प्रतिनिधिसभामा १६५ सदस्य प्रत्यक्ष निर्वाचन प्रणालीमार्फत निर्वाचित हुनेछन् । यस्तै, ११० सदस्य भने समानुपातिक निर्वाचन प्रणालीमार्फत निर्वाचित हुनेछन् ।

## मन्त्रालय बाँडफाँट नमिलेकाले मधेसका मुख्यमन्त्रीले विश्वासको मत लिन सकेनन्

**दैनिक समाचारदाता**
**जनकपुर, २४ मंसिर ।**

मन्त्रालय बाँडफाँटको विषयलाई लिएर गठबन्धन दलबिच असमझदारी बढ्ने संकेत देखिएपछि मंसिर २४ गते मधेस प्रदेशका मुख्यमन्त्री कृष्ण यादवले विश्वासको मत लिन सकेनन् ।

सात दल सम्मिलित गठबन्धनका अन्य दलहरूले कांग्रेसले छलफलबिनै एकल रूपमा घोषणा गरेको भन्दै आपत्ति जनाएका थिए ।

प्रदेशसभा कार्य सञ्चालन नियमावली, २०७५ अनुसार मुख्यमन्त्रीले ४८ घण्टाअघि विश्वासको मतका लागि जानकारी दिनुपर्ने र सोही नियमावलीअनुसार समय तोक्ने अधिकार सभामुखको हुने उल्लेख छ ।

यही प्रक्रियागत जटिलता र गठबन्धनभित्रको तालमेल अभावका कारण विश्वासको मतको नयाँ मिति अझै टुंगो लागेको छैन ।

मंसिर २४ गते विश्वासको मत लिने कार्य हुन नसकेपछि २७ गते शुक्रबारका लागि दिन तोकिएको भनिएको छ । तर गठबन्धनमा सहभागी अन्य दलहरूले भने विश्वासको मत कहिले लिने भन्ने टुंगो शनिबार बस्ने गठबन्धनको बैठकपछि मात्र लाग्ने प्रतिक्रिया दिएका छन् ।

## मधेशमा तीन हजार भन्दा बढी बालबालिका अपराधका घटना




**दैनिक समाचारदाता**
**राजविराज, २४ मंसिर ।**

मधेश प्रदेशमा एक बर्षको अवधिमा बालबालिकासँग सम्बन्धित ३ हजार भन्दा बढी घट्ना भएको तथ्याङ्क सार्वजनिक भएको छ ।

राष्ट्रिय मानव अधिकार आयोग मधेश प्रदेश जनकपुर कार्यालयद्वारा बुधबार राजविराजमा आयोजित "मधेश प्रदेशमा मानव अधिकारको अवस्था र सरोकारवालाको भूमिका" विषयक अन्तक्रिया कार्यक्रममा यस्तो तथ्याङ्क सार्वजनिक भएको हो ।

मधेश प्रदेश खेलकुद तथा समाज कल्याण मन्त्रालयको महिला समुत्थान परियोजनाको समन्वय र सहयोगमा आयोजित कार्यक्रममा मधेश प्रदेश राष्ट्रिय मानव अधिकार आयोगका प्रमुख बुद्धनारायण सहनीले प्रस्तुत गरेको प्रतिवेदनमा २०८१/०८२ बालबालिकासँग सम्बन्धित कुल ३ हजार तीन सय २० घट्ना भएको उल्लेख छ ।

जसमध्ये सर्वाधिक १ हजार १ सय ६९ बालिका हराएको घट्ना भएको छ । यस्तै लागुऔषध दुर्व्यसनका ४ सय ६८, बालबालिकासँग यौन दुर्व्यव्यवहारका २ सय २१, जवरजस्ती करणीका १ सय ४९, बाल यौन दुरुपयोगका ३२, अपहरण र जवरजस्ती करणीका १९/१९, बाल घरेलु हिंसाका २०, बाल यौन दुर्व्याहारका ३२, बालबिबाहका १७, बाल बेचबिखनका ६ तथा अप्राकृतिक मैथुनका २ घटना भएका छन् ।

राष्ट्रिय मानवअधिकार आयोग मधेश प्रदेश कार्यालयले

*बाँकी तीन पृष्ठमा*

## सम्पादकीय ....

### स्थानीय तह बजेटविहीन

आर्थिक वर्षको सुरुवातसँगै स्थानीय तहले आफ्नो वार्षिक नीति, कार्यक्रम र बजेट सार्वजनिक गर्नुपर्ने संवैधानिक दायित्व हुन्छ। तर सप्तरी जिल्लाका कतिपय स्थानीय तहले समयमै बजेट ल्याउन नसक्दा विकासका काम ठप्पजस्तै भएका छन्। जनप्रतिनिधिको असक्षमता, राजनीतिक खिचातानी र प्रशासनिक लापरवाहीका कारण स्थानीय सरकार बजेटविहीन बन्नु दुर्भाग्यपूर्ण अवस्था हो। समयमै बजेट नआउँदा विकास निर्माण, तलब-भत्ता, सामाजिक सुरक्षा भत्ता, विद्यालय सञ्चालन, स्वास्थ्य सेवा जस्ता आधारभूत काम प्रत्यक्ष प्रभावित भएका छन्। जनतामा स्थानीय सरकारप्रति विश्वास घट्दै गएको छ।

यस अवस्थाका पछाडि प्रमुख कारण राजनीतिक दलबीचको स्वार्थ टकराव, मेयर-उपमेयरबीच मतभेद, कार्यपालिका बैठक बस्न नसक्नु, तथा आर्थिक अनुशासन र योजना अभाव रहेका छन्। कतिपय ठाउँमा जनप्रतिनिधिहरू विकासभन्दा सत्ता समीकरणमा बढी केन्द्रित देखिन्छन्। बजेट नल्याउने जनप्रतिनिधिमाथि राजनीतिक जिम्मेवारी मात्र होइन, नैतिक प्रश्न पनि उठ्नु पर्छ। संविधानले तोकेको समयसीमा उल्लंघन गर्नेलाई कानुनी कारबाहीको व्यवस्था नहुँदा समेत यस्तो अवस्था दोहोरिन पुगेको हो।

संघीय सरकार र प्रदेश सरकारले स्थानीय तहलाई समयमै बजेट पारित गराउन दबाब र सहजीकरण गर्न आवश्यक देखिन्छ। तसर्थ समयमै बजेट ल्याएर काममा फर्कनु स्थानीय सरकारको पहिलो प्राथमिकता हुनुपर्छ। अब पनि जिम्मेवार निकाय नझुक्ने हो भने जनताबाट दबाब सिर्जना हुनुपर्ने समय आएको छ।


डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569


# जेनजी आन्दोलनका सहिद : सहिद परिवारको माग : छानबिन होस् र छिटो न्याय पाइयोस्

**रुपेश आचार्य**
काठमाडौँ, २४ मङ्सिर (रासस)।

सरकारले सामाजिक सञ्जाल बन्द गरिदिएपछि आम सर्वसाधारण र नयाँ पुस्तालाई मात्र नभई व्यवसाय गर्दै आएका जो कोही पनि नराम्ररी प्रभावित बनेका थिए। भर्खर कक्षा १२ उत्तीर्ण गरी उच्च शिक्षा हासिल गर्ने सपना बोक्नुभएका कीर्तिपुर नगरपालिका-२ मा पर्ने मैत्रीनगरका पासाङ तामाङलाई पनि साथीभाइसँग भलाकुसारी गरिरहने माध्यम फेसबुक आदि सामाजिक सञ्जाल बन्द भएपछि आक्रोश जाग्नु स्वभाविक नै थियो।

बौद्धमा क्याफे चलाएर बसेका उहाँका बाबु बुद्धबहादुर पनि सरकारको सो निर्णयप्रति आक्रोषित बन्नुभएको थियो। उहाँलाई पनि गत भदौ २३ गते आफ्ना छोरासरहका युवाहरूले गरेको आन्दोलनमा एक्यबद्धता नजनाई रहन सक्नुभएन। उहाँ बानेश्वर केन्द्रित आन्दोलनमा सरिक हुनुभयो। दिन जति बढ्दै थियो, आन्दोलन पनि उति नै चर्किरहेको थियो। जुलुस अन्तरराष्ट्रिय सम्मेलन केन्द्रतर्फ लागेको थियो, प्रहरी र प्रदर्शनकारीबीच मुठभेड सुरु भएको खबर आउन थालेका थिए। पासाङ आफ्नी हजुरआमा लक्ष्मीलाई आन्दोलनको खबर बेलाबोलामा दिइरहनुहुन्थ्यो र मोबाइलमा फोटो पनि देखाउँदै हुनुहुन्थ्यो।

अपराह्नतिर आन्दोलनमा जब गोली चल्न थाल्यो, घाइते र मृतकका फोटोहरू पनि धमाधम आउन थाले। एकपछि अर्को मानवीय क्षतिको समाचार आउन थाले। त्यसपछि आमा लक्ष्मीको मनमा छोरा बुद्धिबहादुर बौद्धको क्याफेमै छन् कि आन्दोलनमा गए भन्ने कुराले खुल्दुली मच्चियो। लक्ष्मी र पासाङले आ-आफ्ना मोबाइलबाट धेरै पटक बुद्धिबहादुरलाई फोन गर्नुभयो तर फोन उठेन। फोन गर्नासाथ उठाइहाल्ने वा केही बेरैमै कल फर्काउने बुद्धिबहादुरको फोन नउठेपछि परिवारमा चिन्ताको बादल मडरिनु स्वभाविक थियो।

आन्दोलन चर्किएसँगै सरकारले कर्फ्युको घोषणा गरिसकेको थियो। हिँडडुल गर्न सहज थिएन। कसलाई कहाँ भनेर बाबासँग सम्पर्क गर्ने भन्ने छटपटीमा हुनुहुन्थयो पासाङ। बाबु विष्णुबहादुर, पत्नी मीरा, भाइबुहारी सुनितालगायतका सबै परिवार सदस्यले यताउता फोन गरेर सम्पर्क गर्न खोजे तर पत्ता लागेन।

छोरासँग सम्पर्क हुन नसकेको चिन्ताबीच अबेर राति कोठातर्फ गएका तामाङ दम्पतीलाई निद्रा पर्ने त कुरै भएन। बरु ११:०० बजेतिर नाति पासाङले ढोका ढक्ढक्याउँदै मोबाइलमा आन्दोलनको एउटा फोटो देखाएर 'यो त बाबाको फोटोजस्तो छ' भनेर देखाउन आइपुगे। नभन्दै त्यो फोटो बुद्धिबहादुरकै थियो। त्यसपछि बल्ल तामाङ परिवारले आफ्नो जेठा छोरा दिउँसै आन्दोलनमा गोली लागेर सहिद भएको थाहा पाए। रातभर रुवावासी चल्यो। वल्लोपल्लो घरका मानिसहरू सान्त्वना दिन आए। अकस्मात् आइपरेको यस्तो बज्रपात सहनुबाहेक परिवारमा अर्को विकल्प थिएन।

बुबा विष्णुबहादुर कर्फ्युका बीच छिमेकीलाई बोलाएर ट्रमा सेन्टरतर्फ दौडिनुभयो। छोराको शव भेटेपछि उहाँ धेरैबेर रुनुभयो, कराउनुभयो। उहाँजस्तै परिवारको सदस्य गुमाएका अरु मानिसहरूलाई पनि त्यहाँ देखेपछि उहाँ विस्तारै सम्म्हालिनुभयो। परिस्थितिलाई सम्हाल्नु नै पर्ने थियो। बुद्धिबहादुरको शरीरका विभिन्न भागमा छ वटा गोली लागेको थियो। "हामी कसैले पनि दाइ( जेठाजु)को शव हेर्न सकेनौँ। बुबाले नै परिस्थितिलाई सम्हाल्नुभयो", विष्णुकी कान्छी बुहारी सुनिता भन्नुहुन्छ।

आमा लक्ष्मी भने अझै पनि छोराको कुरा कसैले उप्काउने बित्तिकै भावुक बन्नुहुन्छ। पुत्र वियोग सहनु कुनै पनि आमाका लागि सामान्य घटना हुँदैन। "केही वर्ष विदेश बसेर घर फर्की अब देशमै बसेर आफ्नै काम गर्छु भनेर बौद्धमा क्याफे खोलेर बसेको थियो। भर्खरैको अल्लारे केटो पनि होइन। किन जानुपरेको होला त्यो आन्दोलनमा ?" उहाँको प्रश्नको उत्तर कसैसँग छैन।

विष्णुको परिवार धेरै वर्षअघि टिस्टुङबाट कीर्तिपुर नपा-२ स्थित मैत्रीनगरमा बसोबास गर्दै आएको थियो। परिवारमा पत्नी र दुई छोरा हुनुहुन्थ्यो। खासगरी पर्यटक ओसार्ने सवारीसाधन चलाएर दशकौँ बिताउनुभएका उहाँले जसोतसो परिवार चलाउँदै आउनुभएको थियो। बूढेसकालमा पुत्रशोक बोक्नुपर्ला भन्ने विष्णु दम्पतीले कल्पना पनि गरेको थिएन । ४१ वर्षका बुद्धिबहादुरले बौद्धमा क्याफे खोलेर छ/सात जना युवालाई रोजगारी दिइरहनुभएको थियो। क्याफेमै काम गर्ने तिनै युवाहरूको उक्साहटमा उहाँ भदौ २३ गते क्याफे बन्द गरेर बानेश्वरतर्फ लाग्नुभएको थियो।

बुद्धिबहादुरको निधनपछि आमा लक्ष्मी र पत्नी मीरा, जेठा छोरा पासाङ र कक्षा ८ पढ्दै गरेका कान्छा छोरासहितको परिवारको खम्बा ढलेको छ। खासगरी पत्नी मीराको काँधमा बुद्धिले सम्हालेका सबै जिम्मेवारी र दायित्व आइलागेको छ। बुद्धिबहादुरले बौद्ध र तीनथानामा चलाएको क्याफेको व्यवस्थापन, भर्खरै १२ कक्षा सकेका जेठा छोरा र कक्षा आठमा पढ्दै गरेका कान्छा छोराको पढाइ तथा सासूससुराको लालनपालन गर्नुपर्ने मीराको दायित्व छ।

छोरा बितेपछि बौद्ध परम्पराअनुसार काजकिरियामा व्यस्त रहेकै बेला नयाँ सरकार बन्यो। बुद्धिबहादुरलगायत आन्दोलनमा मारिएकालाई सहिद घोषणा गरियो। परिवारलाई समवेदना दिन प्रधानमन्त्री सुशीला कार्की स्वयम् मैत्रीनगर पुग्नुभएको भयो। प्रम कार्कीले परिवारलाई सान्त्वना मात्र दिनुभएन, बुद्धिका दुई छोराहरूको शिक्षादीक्षा, पत्नी मीराको जीविकोपार्जन लागि सरकारले पहल गरिदिनेसमेत बताउनुभएपछि शोकाकूल परिवारलाई ठूलो आत्मबल मिलेको थियो। साथै, दोषीलाई कारबाहीको दायरामा ल्याउने र न्यायका लागि आफूले कुनै सम्झौता नगर्ने प्रधानमन्त्रीको अभिव्यक्तिले सहिद परिवारलाई आश्वासन मिलेको थियो।

सरकारका अर्का मन्त्री कुलमान घिसिङ दुई पटकसम्म पुग्नुभएको थियो। उहाँले पनि सहिद परिवारलाई सहयोग गर्न र न्याय दिन लागिपर्ने बताउनुभयो। कीर्तिपुरका नगरप्रमुख कृष्णमान डङ्गोलले छोराछोरीको शिक्षादीक्षा र रोजगारीका लागिसमेत नगरपालिकामार्फत सहयोग गर्ने वचन दिनुभएको थियो।

यस्तै विभिन्न सामाजिक र व्यावसायिक सङ्घसंस्थाले समेत तामाङ परिवारलाई आवश्यक सहयोग दिने तत्परता देखाएका छन्। कान्छा छोरालाई गोल्यान समूहले कक्षा १२ सम्म पढाइदिने भएको छ भने जेठो छोरालाई कीर्तिपुर नगरपालिका प्रमुख डङ्गोलले कीर्तिपुरकै सहिद स्मारक कलेजमा पढाइदिने र नगरले सम्पूर्ण खर्च ब्यहोर्ने आश्वासन दिनुभएको थियो। गृहिणीको भूमिकामा मात्र रहेकी मीरालाई पतिको व्यवसाय अघि बढाउन वा कुनै रोजगारी गर्न सजिलो छैन भन्ने थाहा छ। त्यसैले आफूलाई भन्दा छोराको भविष्य सुनिश्चित हुने व्यवस्था होस् भन्ने चाहनुहुन्छ। "हामीलाई चाहीँ राज्यले सहयोग गर्छ गर्दैन भन्दा पनि महत्वपूर्ण प्रश्न न्याय छिटो पाइन्छ कि पाइँदैन भन्ने हो", बुबा विष्णुबहादुर भन्नुहुन्छ। घटनाको राम्रोसँग छानबिन गरी दोषीलाई कारबाही गरिनुपर्नेमा उहाँको जोड छ। उहाँले अहिले पनि जेन्जी आन्दोलनमा सहिद हुनेका परिवारको सम्पर्कमा हुनुहुन्छ। उहाँहरूले एउटा संयोजन समिति पनि बनाउनुभएको छ।

# किराना पसलले फेरियो हरवा चरवा डोमनीदेवीको जीवन

**राजु विश्वकर्मा**
**सप्तरी, २४ मङ्सिर।**



कुनै बेला साहुमहाजनको खेतबारीमा मजदुरी गरेर परिवार पाल्दै आएकी सप्तरीको बोदे बसाईन नगरपालिका ६ प्रितमपुरका डोमनी देवी सदाको पहिचान यतिबेला फेरिएको छ। केही बर्षअघि सम्म दुई छाक कसरी टार्ने भन्ने चिन्ताले पिरोलिएकी सदाको अब भन्ने त्यो दुखको दिन गएको छ।

पुँजीको आभावमा आर्थिक उन्नति गर्न समेत सोच नबनाएकी सदा अहिले किराना व्यापार गरेर राम्रो आम्दानी गर्न थालेपछि उहाँको दुखको दिन गएको हो।

गाउँको साहुमा हरवा चरवाको काम गरी जिविकोपार्जन गर्दै आउनुभएकी सदाको परिवारमा केही बर्षअघि सम्म दुखको पहाड लागेको थियो। तर ऋण लिएर गाउँमै किराना पसल खोलेपछि दुख बिस्तारै हराउन थालेको सदा बताउनुहुन्छ।

"केही नगरी जीवन स्तर उकास्न सकिन् भन्ने बुझेर दुई बर्षअघि न्युन पुँजीमा किराना पसल सञ्चालन गरे अहिले जीवनमा ठुलो परिवर्तन आएको छ", उहाँ भन्नुहुन्छ,"व्यापार गर्ने इच्छा भएरपनि पुँजी आभावका कारण त्यसले मुर्तता पाउन सकेको थिएन्, तर २०७९ सालमा द फ्रिडम फण्डको सहयोगमा श्रीपुर्राज सामुदायिक विकास केन्द्रले सञ्चालन गरेको हरवा चरवा सशक्तिकरण अभियान कार्यक्रम अन्तर्गत घुम्ती कोषमार्फत रु. १० हजार ऋण लिएर व्यापार सुरु गरेपछि आफ्नो सपना साकार भएको उहाँको कथन छ।

डोमनी देवीले पसल चलाउन थालेपछि अहिले उहाँका श्रीमान् देवनारायण सदाले पनि उहाँलाई सघाई रहनुभएको छ। "म पसल चलाउँछु, श्रीमान्ले नजिकैको बोदे बसाईन बजार र मानराजबाट पसलका लागि चाहिने समानहरु ल्याई दिनुहुन्छ", डोमनीदेवी भन्नुहुन्छ," अहिले हामी दुबै जना मिलेर पसल चलाईरहेका छौं।" पसलबाट दैनिक एक हजार देखि एक हजार ५०० सम्म आम्दानी भईरहेको उहाँको कथन छ।

डोमनीदेवीले श्रीपुर्राज सामुदायिक मार्फत लिएको रु. १० हजार ऋण एक बर्षभित्रै चुक्ता गरी व्यापार बढाउन पुनः रु. १७ हजार छ हजार ८५ ऋण लिएको छ। अहिले कमाएर पुनः समुहमा ऋण चुक्ता गरिरहेको डोमनीदेवी बताउनुहुन्छ।

"पहिला गाउँको साहुमहाजनमा मजदुरी गर्दै आएको थिए", डोमनी देवीका श्रीमान् देवनारायण सदा भन्नुहुन्छ,"अहिले केही बर्षदेखि मजदुरी छाडेर किराना पसलमा श्रीमतिलाई सघाउँदै आएको छु।" अरुको मजदुरी गर्नु भन्दा आफ्नै व्यापार गरेर राम्रो आम्दानी गर्न पाएकोमा असाध्यै खुसी लागेको उहाँको अनुभव छ।

त्यही किराना पसलबाट परिवारको पालन पोषणसँगै दुई जना छोरा छोरीलाई पढाईरहेको देवनारायण सदाको भनाई छ।

डोमनीदेवी आबद्ध संयासी हरवा चरवा बचत तथा ऋण समुहमा ४१ जना सदस्य आबद्ध छन्। हरेक सदस्यहरुले बचत समुहका मासिक रु.१०० का दरले बचत समेत गर्दै आएको समुहका अध्यक्ष बुधेश्वर सदाले बताउनुभयो।

सदस्यहरुले मासिक रुपमा गरेको बचत समेत गरिरहेको छ, समुहका अध्यक्ष सदाले भन्नुभयो,"बचत भएको रकम समुहकै सदस्यहरुमा ऋण लगानी गर्ने गरेका छौ।" जसले महिलाहरुमा बचतसँगै ऋण प्रवाहको समेत विकास भएको उहाँको बुझाई छ।

पछिल्लो केही बर्षयता हरवा चरवा दलित महिलाहरुमा आएको परिवर्तन र देखिएको उत्साहजनक सहभागिताले साकारात्म सन्देश दिएको श्रीपुर्राज सामुदायिक विकास केन्द्रका सहजकर्ता सञ्जीव कुमार यादवको भनाई छ।

# आमाबुबा भएकै अधिकांश बालबालिका बालगृहमा

**मधु शाही**

काठमाडौँ, २४ मङ्सिर (रासस)।

आमाको काख र बुबाको साथ। छोराछोरीले महसुस गर्न सक्छन्। यही शब्द काभ्रेकी सविता विश्वकर्मालाई सोध्नुभयो भने उहाँले आमा र बुबा शब्द उच्चारण गर्न सक्नुहुन्छ तर त्यसको आत्मीय भाव महसुस गर्न सक्नुहुन्न। दुई वर्षको कलिलो उमेर, जतिबेला उहाँले तोतेबोलीले आमा र बा भन्न सिक्ने बेला थियो। त्यतिबेला नै सविताका आमाबुबाले छोरीहरूको उज्वल भविष्यको कामना गर्दै एकैसाथ तीन छोरीलाई काठमाडौँको एक बालगृहमा हुर्काउने जिम्मा लगाउनुभएको थियो।

अहिले २३ वर्षकी सवितालाई बालगृहमा बिताएका ती क्षण जति दुःखदायी थिए, बालगृहबाट निस्किएपछि पनि उस्तै कष्टकर रहेको उहाँको अनुभव छ। सँगै गएका दिदी र बहिनी विदेशीले धर्मपुत्र बनाएर लगेपछि त सविनाले झन् एक्लो महसुस गर्नुभयो। दुई वर्षको उमेरदेखि १८ वर्षसम्म बालगृहमा बिताएर परिवार भेट्न पुग्दा सवितालाई आत्मीय भाव जगाउन निकै कठिन भएको थियो। विदेशमा भएका दिदीबहिनीसँग भेट हुँदा पनि भाषा र संस्कृति, हुर्काइका कारण अन्तरसम्बन्ध विस्तार हुन नसकेको उहाँले बताउनुभयो।

उहाँले दुई वर्षको उमेरदेखि बालगृहमा बिताएका दिनहरू दुःखदायी छन्, कारुणिक छन्। बालगृहमा आउँदा सविताकी आमाले सवितालाई भनेअनुसार जेठी छोरी पाँच वर्षकी माइली (सविता) दुई वर्षकी र कान्छी छोरी एक डेढ वर्षकी हुँदी हुन्। आमाको काखमा लुट्पुटिने रहर नपुग्दै बालगृहको कठोर हेरचारमा बाँधिनुपर्ने सविताको बाल्यकाल निरश त भयो नै, त्यसका कारण अहिलेसम्म उहाँ मानसिक रोगसँग जुध्दै हुनुहुन्छ। "म एक्लै महसुस गर्छु, समाजमा घुलमिल हुनै सक्दिन। यसले गर्दा डर त्रास बढ्दै गयो। अहिलेसम्म डिप्रेसनको औषधि सेवन गर्नुपरेको छ", उहाँ भन्नुहुन्छ।

सविनाले बालगृहमा बसेर बालबालिका सुरक्षित र राम्रो हेरविचार पाउँछन् भन्ने सुनिश्चित नभएको बताउनुहुन्छ। सकेसम्म आमा-बुबा वा आफन्तीसँगै हुर्काउन आवश्यक छ। कतिपय बालगृह बालमैत्री नहुँदा न राम्रो शिक्षा पाएका छन्, न त स्वस्थकर जीवन बिताएका छन्। बालगृहमा बसेका बालबालिकाको डरलाग्दो सामाजिक र मनोवैज्ञानिक अवस्था देखेर सविनालगायत बालगृहमा हुर्किएका बालबालिकाले बालबालिकालाई घरमै हुर्किने वातावारण मिलाउन आग्रह गर्दै आएका छन्।

हुम्ला घर भएका हरि बुढाथोकीलाई ११ वर्षको उमेरमा घर छोडेर बालगृह आउनुपर्‍यो। बालगृहका मान्छेले हुम्लामा घुम्न आएका एक व्यक्तिले उहाँको दिदीलाई भेटेर भाइलाई राम्रो स्कूलमा पढाइदिन्छौँ भन्दै आश्वासन देखाएर काठमाडौँको एक बालगृहमा लैजाने अनुमति मागे। हरिका अनुसार दिदीले आमाबुबासँग कुरा गर्नुभयो। सुरुमा दिदीले मान्नुभएको थिएन। आमाबुबाले पनि राम्रो पढ्न पाउँछ भने भाइको सुन्दर भविष्यका लागि भनेर हरिको परिवारले बालगृह पठाउने निधो गर्‍यो।

गाउँघरमा रमाएको बच्चा अचानक काठमाडौँ बिरानो ठाउँमा बालगृहमा बस्नुपर्दा जेलमा आएजस्तै महसुस भएको हरि विगत सम्झिनुहुन्छ। उहाँ अहिले २३ वर्षको हुनुभयो। तीन वर्षसम्म मात्रै बालगृहमा बस्नुभएको अनुभव रहेको सुनाउँदै उहाँले छोराछोरीको भविष्य परिवारसँगै राम्रो हुने बताउनुहुन्छ। "राम्रो पढाउने भनेर बालगृह पठाएका मेरा आमाबुबालाई के थाहा मैले त्यहाँ कापी-कलमसमेत पाउन मुस्किल पर्थ्यो।"

हुम्लाका विनोदका एउटै घरका तीन दाजुभाइ र एक बहिनी बालगृहमै हुर्किए। घरको आर्थिक स्थिति कमजोर थियो। दाउरा बेचेर घरखर्च चलाउनुपर्ने बुबाआमाको अवस्था थियो। गाउँमा एक नेताका रुपमा चिनिने आफन्तीले नै विनोदका बुबाआमालाई छोराछोरी काठमाडौँमा लैजाने र ठूलो मान्छे बनाउने भनेर प्रलोभन देखाए। घरमा हातमुख जोड्न कठिन भएको बेला पालिदिने खुसीले विनोदका बुबा आमाले छोराछोरी काठमाडौँ पठाए।

एघार वर्षको उमेरमा बालगृह आएर बसेर हुर्किएका विनोद अहिले २३ वर्षको हुनुभयो। विगत सम्झिँदै भन्नुहुन्छ, "पेटभरि खान पाइँदैनथ्यो। एउटै खाटमा छ जनासम्म कोचिएर सुत्थ्यौँ। दाता(डोनर)ले दिँदासम्म राम्रै लाउथ्यौँ। त्यसपछि पुरानै च्यातिएका लुगामा बस्नुपर्थ्यो।" घरको गरिबी देखेर सुखमा हुर्किने आश्वासनसहित बालगृह आएका विनोदजस्ता थुप्रै परिवारका बालबालिकाले बालगृहमै गरिबी र अभाव भोग्नुपरेको छ।

काठमाडौँबाट पढेर आएको छोराले घर सम्हाल्छ भन्ने आमाबाबाको आशालाई विनोदले पूरा गर्न नसक्दा अहिले परिवारसँगै सुमधुर हुन नसकेको बताउनुहुन्छ। "बालगृह छोडेर घर फर्किदा आफ्नै आमाबुबाले बोल्ने हुम्ली भाषा बुझ्नै सकिन। यसले गर्दा कुराकानी दैनिकीमै समस्या भोग्नुपर्‍यो", विनोद थप्नुहुन्छ, "एक अर्काको भावना नबुझ्दा अहिले आमा र मेरो सम्बन्ध नै बिग्रिएको छ। हामी छुट्टाछुट्टै बस्नुपरेको छ।"

काठमाडौँमा हालै हिमाली नवीन समाज संस्थाले आयोजना गरेको एक कार्यक्रममा विनोद, हरि सवितालगायत बालबालिकाले बालगृहमा बस्दा र निस्किएपछि समाजमा खेप्नुपरेको चुनौतीबारे बालेका थिए। उनीहरूका अनुसार बालबालिकाको हुर्काइ परिवार र समाजमै सुन्दर हुने बताएका थिए। बाल गृहलाई बालबालिकाको अन्तिम विकल्पको रुपमा मात्रै प्रयोग गर्न उनीहरूको आग्रह थियो।

बाल अधिकारकर्मी एवं हिमाली नवीन समाजमा आबद्ध सुरेन्द्र लामा तामाङका अनुसार बालगृह सञ्चालन गर्न दुर्गम ठाउँमा पुगेर ऐजन्टहरू नै विभिन्न प्रलोभन देखाइ बालबालिकालाई बालगृहसम्म ल्याउने गरेका छन्। यसमा परिवारले नै स्वेच्छाले बालगृहमा राम्रो भविष्य बन्ने सोचका साथ आफ्ना बच्चा अरुलाई जिम्मा लगाउने गर्छन्। "बालगृहमा बसेका बालबालिकाको मानसिक स्थिति अत्यन्त नाजुक छ", उहाँले भन्नुभयो, "उनीहरूलाई समाजमा अन्तरघुलन हुन कठिन छ।" उहाँका अनुसार बालबालिकालाई बाल गृहसम्म ल्याउने अभिभावक नै बढी छन्। "अभिभावकहरूले स्थानीय 'एजेन्ट'लाई आफ्ना छोराछोरी जिम्मा लगाउने मात्र नभई पछिसम्म पढ्न लेख्न पाउने र उज्वल भविष्यको आशामा नगद पैसासमेत दिने गरेको देखिन्छ", उहाँले भन्नुभयो।

राष्ट्रिय बाल अधिकार परिषद्को तथ्याङ्कका अनुसार ४३ जिल्लामा रहेका ३६६ बालगृहमा हाल १० हजार १९३ जना बालबालिका बासेबास गरिरहेका छन्। तीमध्ये २०७ बालगृहले सञ्चालन अनुमति लिएकामा विविध कारणले आठ वटा संस्था बन्द भएको परिषद्का सूचना अधिकारी रामबहादुर चन्दले जानकारी दिनुभयो। उहाँका अनुसार कूल बालगृहमध्ये करिब ६० प्रतिशतका बुबाआमा दुवै र २० प्रतिशतका बुबा वा आमामध्ये एक जना जीवित रहेका छन्।

नेपालमा सञ्चालित कूल बालगृहमध्ये, ६६ प्रतिशत बालगृह काठमाडौँ, ललितपुर, भक्तपुर, चितवन र कास्की जिल्लाहरूमा केन्द्रित रहेका छन्। बालअधिकारकर्मी लामाका अनुसार अध्ययनका क्रममा ती जिल्लाहरूमा बालगृहहरू बढी केन्द्रित हुनुको कारण त्यहाँ पर्यटकीय क्षेत्र भएकाले विदेशी पर्यटकको आवागमन उच्च हुने हुँदा आर्थिक सहयोग प्राप्त गर्न तुलनात्मक रुपमा सहज हुने निर्ष्कष निकालेको छ। बालगृहमा राखिएका बालबालिकालाई पर्यटकहरूको चहलपहल हुने स्थानमा लगी माग्न लगाउने गरेको अध्ययनबाट थाहा भएको थियो।

बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ४८ मा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको बारेमा स्पष्ट रुपमा उल्लेख गरिएको छ। यसमा अनाथ बालबालिका, अस्पताल वा अन्य कुनै सार्वजनिक स्थानमा अलपत्र अवस्थामा छाडिएका वा फेला परेका साथै बाबुआमाबाट अलगिएका वा बाबुआमा पत्ता नलागी बेवारिसे भएका बालबालिका, आमा बुबालाई गम्भीर शारीरिक वा मानसिक अपाङ्गता वा अशक्तता भएका कारण उचित हेरचाह नपाएका बालबालिका, कानुनी विवादमा परेका बालबालिकाको संरक्षणमा ऐनले जोड दिएको छ।

वैकल्पिक हेरचाहको लागि सिफारिस भएका बालबालिका, थुनामा रहेका वा बन्दी बुबा वा आमासँग आश्रित भई कारागारमा रहेका बालबालिका, जबर्जस्ती करणी वा कानुनबमोजिम सजाय हुने हाडनाताबाट जन्मिएको शिशुलाई आफूले पालनपोषण गर्न नसक्ने भनी बाल कल्याण अधिकारीसमक्ष निवेदन परेका बालबालिका, बाबु, आमा वा अभिभावकबाट दुर्व्यवहार, हिंसा वा बेवास्ता भएको कारणले बालबालिकाको उच्चतम हितको लागि परिवारबाट अलग गरिएका बालबालिकालाई वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिका भनिएको छ।

---

## *राजविराजमा आन्तरिक ...*

ध्यानाकर्षण गराईएको छ।" उल्लेख छ।

राजविराजस्थित करदाता सेवा कार्यालयको आफ्नै जग्गा, प्रशासकीय भवन, कर्मचारी आवास लगायत पूर्वाधार तथा बजेट समेत रहेको छ। गत कात्तिक १७ गते नेपाल सरकारले देशभरीका ३८ स्थानमा रहेका करदाता सेवा कार्यालय खारेज गर्ने निर्णय गरेको थियो। करदाता सेवा कार्यालय राजविराज समेत सोही खारेजीमा परेकोले सप्तरी उद्योग बाणिज्य संघको नेतृत्वमा उक्त निर्णय विरुद्ध तीन चरणको आन्दोलन सम्पन्न भइसकेको छ।

यसैबीच आन्तरिक राजश्व कार्यालय सप्तरीमा पुनःस्थापनाको माग गर्दै मंसिर २१ र २२ गते गठित संघर्ष समितिको नेतृत्वमा जिल्ला प्रशासन कार्यालय सप्तरीमा धर्ना दिइएको थियो भने मंसिर २३ गते जिल्लाका पालिका तथा कार्यालयहरु बन्दको घोषणा गरिएको थियो।

सप्तरीमा ७२ हजार भन्दा बढी करदाता रहेका छन्। यस कार्यालयले गत आ.व. २०८१/०८२ मा कार्यालयले ८७ करोड २७ लाख रुपैयाँ राजस्व संकलन गरेको थियो। बि.स. २०७५ साल भदौं १६ गते तत्कालिन अर्थमन्त्री युवराज खतिवडाले राजविराज वडा नं. ६ सिरहा रोडस्थित सो कार्यालय उद्घाटन गरेका थिए। त्यसपछी उक्त कार्यालय राजविराज वडा नं. ७ स्थित आफ्नै भवनमा सरेको थियो। तर भदौं २५ गते जेनजी आन्दोलनका क्रममा कार्यालयमा आगजनी भएपछी कार्यालय क्षतिग्रस्त हुँदा हाल नजिकैको भाडाको भवनमा संचालन हुँदै आएको छ।

## *मधेशमा तीन हजार ...*

अभिलेख गरेको घटनामा मधेश प्रदेशको जनसंख्या तथा शिक्षा, बाँच्न पाउने अधिकार, मुद्दा दर्ता, कैदी बन्दी, महिला अधिकार, मानवअधिकार पीडित लगायतको अवस्था र चुनौती समेत छन्।

यस्तै प्रस्तुत प्रतिवेदनमा मधेश प्रदेशमा विगत ४ वर्षमा भएको आत्महत्या, कर्तव्यज्यान, डुबेर मृत्यु, सवारी दुर्घटना लगायतका विवरण समेत समेटिएको छ। जस अनुसार मधेश प्रदेशमा ४ बर्षको अवधिमा सर्वाधिक ४ हजार ५ सय ८९ जनाले आत्महत्या गरेको पाइएको छ।

यस्तै सोही अवधिमा सवारी दुर्घटनामा २ हजार ३ सय ५३ जना तथा पानीमा डुबेर ८ सय २८ जनाले ज्यान गुमाएका छन्। यसै अवधिमा प्रदेशभरमा कर्तव्यज्यानका ४ सय २६ घट्ना भएको प्रतिवेदनले देखाएको छ।

कार्यक्रमका प्रमुख अतिथि उच्च अदालत जनकपुर राजविराज इजलासका मुख्य न्यायधिश शुभाष पौडेलले मानवअधिकार रक्षा तथा सुरक्षित समाज निर्माणका लागि सबै सरोकारबालाले मिलेर पहल गर्नुपर्ने आवश्यकता औंल्याए।

कार्यक्रममा इन्सेक मधेश प्रदेशका प्रमुख राजु पासवानले कार्यक्रमको उद्देश्यबारे प्रकाश पारेका थिए। यस्तै विशिष्ठ अतिथि प्रमुख जिल्ला अधिकारी टुवराज पोखरेल, डब्लु एच आरका पुर्व अध्यक्ष विमला पराजुली, मुक्ति नेपालका अध्यक्ष देवकुमारी महरा, गैरसरकारी संस्था महासंघ सप्तरीका अध्यक्ष दिपक झा लगायतकाले पनि बोल्दै मानवअधिकार उल्लघनका घट्नामा वृद्धि हुँदै गएकोमा चिन्ता व्यक्त गर्दै न्यूनीकरणका लागि चेतनशील हरेक नागरिकले भुमिका खेल्नुपर्नेमा जोड दिएका थिए।

---

## विश्व समाचार

### आप्रवासन नियममा कडाइ गरे पछि अमेरिकाद्वारा जनवरी देखि ८५ हजार भिसा रद्द

वासिङ्टन डीसी, २४ मङ्सिर (रासस/एएनआई)।

अमेरिकी विदेश विभागले आप्रवासन नियम र सीमा सुरक्षामा कडाइ गरे पछि सन् २०२५ जनवरी देखि ८५ हजार भिसा रद्द गरेको घोषणा गरेको छ।

सामाजिक सञ्जाल एक्स मार्फत विदेश विभागले कडा आप्रवासन निरीक्षणका लागि ट्रम्प प्रशासनको निरन्तर प्रतिबद्धतालाई जोड दिदै यस्तो घोषणा गरेका जनाएको छ।

घोषणाको साथमा राष्ट्रपति डोनाल्ड ट्रम्पको तस्बिर "अमेरिकालाई फेरि सुरक्षित बनाउनुहोस भन्ने शब्दहरूसहित राखिएको थियो, जसले कडा भिसा नियमन राष्ट्रिय सुरक्षा प्रयासहरूको केन्द्रबिन्दु हो भन्ने प्रशासनको तर्कलाई बलियो बनाएको छ।

भिसा प्रणालीमा भएको कडाइलाई प्रष्ट पार्दै विदेश विभागका एक वरिष्ठ अधिकारीले रद्द गरिएका भिसा मध्ये आठ हजार भन्दा बढी विद्यार्थीहरूको रहेको खुलासा गर्नु भएको छ।

असुरक्षित गाडी चलाउनु, चोरी र आक्रमण जस्ता अपराधहरूका कारणहरु पहिचान गरि गत वर्ष अधिकांश भिसा रद्द गरेको अधिकारीलाई उद्धृत गर्दै सिएनएनले जनाएको छ।

विभागको विगतका स्पष्टीकरणहरूमा भिसा म्याद सकिने र "आतङ्कवादलाई समर्थन लगाएतका कारणहरूले भिसा रद्द गरिएको जनाइएको छ।

गाजा द्वन्द्वसँग सम्बन्धित विरोध प्रदर्शनमा भाग लिने अन्तर्राष्ट्रिय विद्यार्थीहरू पनि त्यस्तै गरी कडा छानबिनमा परेको जनाइएको छ।

यो कार्यले गत अगस्तमा उल्लिखित विभागको योजना अनुरुप भएको र वैध अमेरिकी भिसा भएका पाँच करोड पचास लाख भन्दा बढी विदेशीहरूका लागि "निरन्तर जाँच" प्रणाली लागू गर्न र देशमा बस्ने व्यक्तिहरूलाई निगरानी गर्ने उद्देश्यलाई कार्यन्वयन गरेको जनाइएको छ।

राष्ट्रपति डोनाल्ड ट्रम्पको दोस्रो कार्यकालमा, विदेश विभागले भिसा आवेदनहरूको समीक्षा र भिसा भएकाहरुको अनुगमनका लागि आफ्नो मापदण्ड विस्तार गरेको छ।

प्रशासनले "एच-१बी" आवेदकहरूको जाँच पनि बढाएको छ, जुन विशेष विदेशी प्रतिभा खोज्ने अमेरिकी रोजगारदाताहरुका लागि एक प्रमुख कार्यक्रम हो।

विस्तारित भिसा रद्द, तीव्र जाँच र फराकिलो छानविनले आप्रवासन नियन्त्रणलाई कडा बनाइ आप्रवासीहरु विचमा भएको उल्लङ्घनलाई थप चुस्त दुरुस्त बनाउने प्रशासनको व्यापक दबावलाई चित्रण गर्दछ।

### चीनको आवासीय भवनमा आगलागी, १२ जनाको मृत्यु

बेइजिङ, २४ मङ्सिर (रासस/एएफपी)।

दक्षिणी चीनको आवासीय भवनमा आगलागी हुँदा १२ जनाको मृत्यु भएको चिनियाँ सरकारी मिडियाले बुधवार जनाएको छ।

गुआङ्डोङ प्रान्तको सान्टौमा रहेको चार तले भवनमा मङ्गलबार राति ९:२० बजे सुरु भएको आगलागी राति १०:०० बजे पछि नियन्त्रणमा लिएको स्थानीय अग्निशमन विभागले विज्ञप्ति मार्फत जनाएको छ।

यस अघि गुआङडोङ र हङकङका आवासीय टावरहरूमा ठूलो आगलागी हुँदा १६० जनाको मृत्यु भएको थियो।

"आगोले भवनको १५० वर्ग मिटर क्षेत्रलाई असर गरेको जनाउँदै चाओनान जिल्ला फायर एण्ड रेस्क्यु टोलीले आगलागीको कारण अनुसन्धान तथा र व्यवस्थापनको कार्य भइरहेको बताएको छ।

यस अघि बुधवार बिहानको प्रारम्भिक रिपोर्टमा आठ जनाको मृत्यु भएको र चार घाइतेलाई अस्पताल लगिएको जनाइएको थियो। हाल चिनियाँ सरकारी समाचार एजेन्सि सिन्ह्वाले १२ जनाको मृत्यु भएको बताएको छ।

गत महिना हङकङमा आगलागी भएपछि चीनले अग्ला भवनहरूमा आगोको खतरा विरुद्ध अभियानसमेत चलाएको छ।

### बङ्गलादेशमा सन् २०२५ मा डेङ्गुका कारण चार सय भन्दा बढीको मृत्यु

ढाका, २४ मङ्सिर (रासस/सिन्ह्वा)।

बङ्गलादेशमा डेंगुको प्रकोपका कारण यस वर्षमा अहिलेसम्म ४०१ जनाको ज्यान गएको बङ्गलादेशको स्वास्थ्य विभागको तथ्याङ्कले बुधबार देखाएको छ।

स्वास्थ्य मन्त्रालय अन्तर्गत स्वास्थ्य सेवा महानिर्देशनालय (डिजिएचएस) ले जारी गरेको तथ्याङ्क अनुसार दक्षिण एसियाली मुलुक बङ्गलादेशमा जनवरी देखि डेङ्गु ज्वरोका सङ्क्रमितको सङ्ख्या ९८ हजार ७०५ पुगेको छ।

बङ्गलादेशमा पछिल्लो २४ घण्टामा थप तीन जनाको मृत्यु भएको र थप ४२१ जनालाई डेंगु संक्रमण भएको रेकर्ड गरेको जनाइएको छ।

डिजिएचएसका अनुसार डेङ्गुका कारण मृत्यु हुनेको सङ्ख्या ४०१ नागेको छ, जसमा डिसेम्बरमा १९ र नोभेम्बरमा १०४ र अक्टोबरमा ८० जनाको मृत्यु भएको छ।

नोभेम्बरमा २४ हजार ५३५ जनालाई नयाँ सङ्क्रमण भएकोमा डिसेम्बरमा अहिलेसम्म ४ हजार ३०८ जना सङ्क्रमित भेटिएको जनाइएको छ। तिव्र डेङ्गु सङ्क्रमण नियन्त्रण गर्न बङ्गलादेशी स्वास्थ्य अधिकारीहरूले लामखुट्टेको प्रजनन नियन्त्रण गर्न र लार्भा विरोधी अपरेसनहरू सञ्चालन गर्ने तयारी गरेको जनाइएको छ।

डेङ्गु ज्वरो सङ्क्रमित एडिस लामखुट्टेको टोकाइबाट सर्ने भाइरल रोग हो। यस रोगले टाउको दुख्ने, उच्च ज्वरो आउने थकान, गम्भीर मांसपेशी र जोर्नी दुख्ने, बान्ता हुने चक्कर लमग्ने जस्ता लक्षणहरूसहित मानिसहरुलाई सिथिल बनाउने जनाइएको छ।

# एग्रो एक्सपो २०८२ आयोजनाका लागि छलफल सुरु



**दैनिक समाचारदाता**
**राजविराज, २४ मंसिर ।**

सप्तरीको डाक्नेश्वरी नगरपालिकामा एग्रो एक्सपो २०८२ आयोजनाका लागि छलफल सुरु गरिएको छ।

सप्तरी उद्योग वाणिज्य संघका अध्यक्ष लालुप्रसाद अग्रवाल, डाक्नेश्वरी नगरपालिकाका नगरप्रमुख रामलखन मलाह, युवा उद्योगपति तुलाकान्त मण्डल, युवा अभियन्ता अमरेन्द्र यादव लगायतको सहभागितामा एग्रो एक्सपो २०८२ आयोजनाका लागि तयारी गर्न छलफल सुरु गरिएको हो।

एग्रो एक्सपो २०८२ आयोजनाका लागि मंगलबार भएको छलफलमा अध्यक्ष अग्रवालले एग्रो एक्स्पो सफल बनाउन उद्योग बाणिज्य संघको पूर्ण साथ र सहयोग रहने प्रतिवद्धता जनाए।

उनले यस्तो आयोजनाले जिल्लाको कृषि र उत्पादन क्षेत्रमा वृद्धि हुनुका साथै किसानहरुमा नयाँ उत्साह जगाउने विश्वास व्यक्त गरे।

उद्योग बाणिज्य संघका महासचिव अमृत संचेतीले सप्तरी जिल्ला कृषि र उत्पादनमा निकै पछाडी रहेको र यस्ता कृषि मुखी व्यपारिक एक्स्पोले यहाँका किसानहरु लाई थप प्रोत्साहित गर्ने बताए।

मधेश प्रदेशमै पहिलो पटक आयोजना हुन लागेको एग्रो एक्स्पोमा कृषि तथा व्यवसायिक क्षेत्रमा नयाँ अवसर पहिचान गर्न इच्छुक किसान, उद्यमी, व्यवसायी तथा युवाहरूलाई अनिवार्य रूपमा सहभागी हुन आग्रह गरिएको छलफलमा सहभागी युवा अभियन्ता अमरेन्द्र यादवले जानकारी दिए।

# आयोगले केही मतदानस्थलको पुनरावलोकन गर्दै

काठमाडौं, २४ मङ्सिर (रासस)। निर्वाचन आयोगले मतदाताको सहजताका लागि देशका विभिन्न मतदानस्थलको पुनरावलोकन गर्ने भएको छ।

आयोगले एक सूचनामार्फत सहज रुपमा मतदान गर्ने प्रयोजनका लागि मतदानस्थल पुनरावलोकन गर्न लागिएकाले आममतदातालाई आवश्यक जानकारी गराइएको उल्लेख गरेको छ। आयोगले पुनरावलोकनका क्रममा कुनै मतदाताको नाम सम्बन्धित मतदानस्थलमा सार्न वा समावेश हुन छुट भएको भए हाल सञ्चालन भइरहेको मतदाता नामावली अद्यावधिक कार्यक्रममा मिलाउन भनेको छ। सो कार्यक्रम यही मङ्सिर २६ गतेसम्म चल्नेछ।

नामावलीमा रहेको त्रुटि सच्याउने नाम हटाउने, दाबी विरोध गर्ने कामका अतिरिक्त एउटै वडाभित्र रहेको कुनै एक मतदानस्थलबाट आफूलाई पायकपर्ने अर्को मतदानस्थलमा नाम सार्नका लागि निवेदन दिनसक्ने सुविधा रहेको सूचनामा उल्लेख छ।

मतदाताले सम्बन्धित वडाभित्रकै अर्को मतदानस्थलमा आफ्नो नाम सार्न चाहेमा सम्बन्धित निर्वाचन कार्यालयमा गई वा आयोगको वेबसाइटमार्फत अनलाइन निवेदन दिन अनुरोध गरिएको छ।

भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
**भूमिसुधार तथा मालपोत कार्यालय सप्तरी**
**राजविराज**

**विषय : ३५ दिने हकदाबी सम्बन्धि सार्बजनिक सूचना।**

रैती नं. ८३ बहुरी गोपको नाममा दर्ता रहेको साविक प्रगन्ना रायझमुना मौजे खडकपुर र मौजे श्रीपुरको हाल तपसिल बमोजिम नापी भएको जग्गा छुट जग्गा दर्ता गरि जग्गाधनी प्रमाण-पुर्जा पाउँ भनि जिल्ला सप्तरी साविक गा.वि.स. मानराजा वडा नं. १ हाल परिवर्तित बोदेबर्साइन न.पा. वडा नं. १० वस्ने खुसि लाल यादवको छोरी बहुरी यादवको पत्नी रामपति देवी यादवको यस कार्यालयमा द.नं. २४५ मिति २०८२/०४/०६ गतेमा निवेदन परि हकदाबी सम्बन्धि सार्बजनिक सूचना प्रकाशित गर्न मिति २०८२/०८/२४ मा आदेश भए बमोजिम यो ३५ दिने हकदाबी सम्बन्धि सार्वजनिक सूचना प्रकाशित गरिएको छ। तपसिलमा उल्लेखित जग्गामा निवेदक बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नाममा छुट जग्गा दर्ता गर्दा कसैको हक जाने छ वा सरकारी सार्वजनिक सम्पतिको नोक्सानी हुने भए ठोस सबुत प्रमाण सहित सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्रमा सप्रमाण यस कार्यालयमा उजुरी गर्न आउनु होला। म्याद भित्र कसैको हकदावी उजुरी पर्न नआएमा निवेदकको माँग दावी बमोजिम छुट जग्गा दर्ता नामसारी गर्न तर्फ कानुन बमोजिम कार्यवाही भै जानेछ। यस सम्बन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ।

तपसिल

| सा.कि.नं. | गा.वि.स. | वार्ड.नं. | हाल कि.नं. | जग्गा क्षेत्रफल | साविक दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|---|
| १६७ | खडकपुर | १क | २२९ | ०-२-९ | बहुरी गोप | फिल्डबुकको जग्गाधनी महल, किसान महल, कैफियत महल खाली रहेको। |
| १६७ | खडकपुर | १क | २३० | ०-७-५ | बहुरी गोप | |
| १६७ | खडकपुर | १क | २३१ | ०-११-१४.५ | बहुरी गोप | |
| ४४६ | खडकपुर | १क | ७ | ०-२-५ | बहुरी गोप | |
| ५५० | खडकपुर | १क | ३६ | ०-२-३ | बहुरी गोप | |
| ५५१ | खडकपुर | ३क | ५४ | ०-३-९ | बहुरी गोप | |
| ६० | खडकपुर | ९ | १४ | ०-११-८ | बहुरी गोप | |
| ६९ | खडकपुर | ९ | १०१ | ०-२-१० | बहुरी गोप | |

# पूर्वपश्चिम राजमार्ग विस्तार गर्न ६ हजार रुख काटिने

महोत्तरी, २४ मङ्सिर (रासस)। पूर्व-पश्चिम राजमार्ग विस्तारका लागि महोत्तरी जिल्लामा ६ हजार २७ रुख कटान गरिने भएको छ।

पूर्व-पश्चिम राजमार्ग विस्तारअन्तर्गत कमला-ढल्केवर-पथलैया सडक पूर्वीखण्ड आयोजनाका प्रमुख राजेशकुमार दासका अनुसार विभिन्न समस्या र चुनौतीकाबीच लामो समयपश्चात् डिभिजन वनकार्यालय, वन तथा भूसंरक्षण विभाग र वन तथा वातावरण मन्त्रालयहुँदै सम्पूर्ण प्रक्रिया पूरा भएपछि रुख काटिने आदेश प्राप्त भएको हो।

प्रमुख दासले यस आयोजनाअन्तर्गत पूर्वी खण्डले निर्माण कार्य गर्ने महोत्तरी, धनुषा र सर्लाही जिल्लामा जम्मा ११ हजार ५७७ रुख कटान गर्ने आदेश प्राप्त भएको बताउनुभयो। सोअन्तर्गत सर्लाहीमा तीन हजार ६७४ र धनुषामा एक हजार ८७६ रुख कटान गर्ने आदेश भएको प्रमुख दासले बताउनुभयो। उहाँका अनुसार सडक विस्तारका क्रममा सहरी तथा बजार क्षेत्रमा ६ लेनसहित ३१ मिटर चौडाइ र अन्य क्षेत्रमा चार लेनसहित १८ मिटर चौडाइ कायम गरिने भएको छ।

सडक विस्तारका लागि सबैभन्दा बढी सालका रुख कटान गरिने भएका छन्। सडक विस्तारमा बिजुलीका खम्बा सार्ने र खानेपानीको पाइप बिछ्याउने कामसमेत चुनौतीका रुपमा रहेको आयोजना प्रमुख दासले बताउनुभयो। धनुषा र सर्लाहीमा रुख कटानको काम सुरु भइसकेको र महोत्तरीमा पनि चाँडै उक्त कार्य आरम्भ हुने उहाँले बताउनुभयो।

नेपाल सरकार
भूमि व्यवस्था [illegible] निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
**भूमि सुधार तथा मालपोत कार्यालय सप्तरी, राजविराज**

मिति :-२०८२/०८/१७

**विषय:- ३५ दिने हकदाबी सम्बन्धी सार्वजनिक सुचना।**

यसमा २००४ सालको जमाबन्दी श्रेष्ता बमोजिम रैती नं. ५० सुनरा हजाम नैबाको नाममा कायम रहेका साविक प्रगन्ना पकरी मौजे बिषहरिया सा.कि.नं. १२० को ज.वि. ०-२-११ जग्गा मध्ये सुनर ठाकुरको नाममा ७ नं. फाटवारीमा जि.स. पं. बिषहरिया सा.कि.नं.१२० ज.वि. ०-१-६ कायम भएको जग्गा २०२८ सालमा पुली ठाकुर हजामको नाममा तपसिल बमोजिम नापी भएको जग्गा पुलकित ठाकुर हजामबाट छुतहरु ठाकुरले मिति २०२९/०७/१९ मा खरिद गरि लिएको जग्गा छुट जग्गा दर्ता नामसारी समेत गरी पाउँ भनी जिल्ला सप्तरी गा.वि.स. मलेठ वडा नं.२ हाल राजविराज न.पा. वडा नं. १३ बस्ने बौवा ठाकुरको नाती छुतहरु ठाकुरको छोरी घोघनी देवी ठाकुरनीको यस कार्यालयमा द.नं. १७९१ मिति २०८२/०५/०२ गतेमा माग निवेदन परी हकदाबी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गर्न मिति २०८२/०८/१७ मा आदेश भए बमोजिम यो ३५ दिने हकदावी सम्वन्धी सार्वजनिक सुचना प्रकाशित गरिएको छ। तपसिलमा उल्लेखित जग्गा निवेदकहरु बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नाममा छुट जग्गा दर्ता नामसारी गर्दा कसैको हक जानेछ वा अन्य कुनै व्यक्ति विशेष वा नेपाल सरकार, सार्वजनिक, सामुदायिक, डगर, बाटो, ऐलानी, प्रति, गोचर, समसानघाट, पैनी, पौवा, पार्क, हाट,मेला लाग्ने ठाँउ वा सरकारी जग्गा भए/ नभएको सम्वन्धमा यो सुचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा सप्रमाण सहित यस कार्यालयमा आई उजुरी गर्नुहोला। म्यादभित्र कसैको हकदावी उजुरी पर्न नआएमा निवेदकहरुको माग दावी बमोजिम छुट जग्गा दर्ता नामसारी गर्ने तर्फ कानुन बमोजिम कारवाही भै जानेछ। यस सम्वन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने व्यहोरा सम्वन्धित सबैलाई जानकारी गराईन्छ।

तपसिल

| साविक कि.नं. | साविक दर्तावाला | गा.वि.स. | वार्ड नं. | हालको कि.नं. | क्षेत्रफल | हालको दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १२० | सुनरा हजाम नौबा | बिषहरिया | ८क | ६३ | ०-२-६ | घोघनी देवी ठाकुरनी | यो जग्गा फिल्डबुकको ज.ध. महल खाली, किसान को महल खाली, किसानको व्यहोरा महल खाली, कैफियत महलमा यो जग्गा पुली ठाकुर हजामको नम्बरी हो जनिएको। |


भर्ना खुल्यो
गुणस्तरीय शिक्षाप्रति प्रतिबद्ध
युनिभर्सल कलेज
RAJBIRAJ UNIVERSAL ACADEMY
राजविराज,८, पुलचोक, सप्तरी
+2
विज्ञान
व्यवस्थापन
शिक्षाशास्त्र
मानविकी
For More Information Contact :
Contact : 031-590366, 9842820071, 9805928831


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शंखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*